"धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनकुटा
कोशी प्रदेश, नेपाल

प.सं ०८२/८३ मितिः २०८२/०५/११

च.नं: 226

**विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फारम भर्ने भराउने सम्बन्धमा ।**

श्री सबै कक्षा ५ तथा कक्षा ८ सञ्चालित सामुदायिक विद्यालयहरु,
धनकुटा नगरपालिका, धनकुटा

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.सं. २०८२/८३ च.नं. १५ मिति २०८२/०५/०५ को पत्रमार्फत कक्षा ६ र कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ति ( Pro-Poor Targeted Scholarship-PPTS) उपलब्ध गराउने प्रयोजनका लागि विपन्न लक्षित छात्रवृत्ती व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ को उपदफा १ को खण्ड (क) बमोजिम सार्वजनिक विद्यालय तर्फ चालु शैक्षिक सत्र २०८२ मा कक्षा ५ र कक्षा ८ मा अध्यनरत विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ती व्यवस्थापन मापदण्ड, २०८० को अनुसूची १ बमोजिमको फारम सम्बन्धित विद्यालयबाट भरी **IEMIS** मा प्रविष्ट गर्नहुन अनुरोध छ। साथै यसै पत्रसाथ सो पत्रको छाँया कपी विस्तृत जानकारीका लागि संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थका लागि समेत पठाईएको व्यहोरा अनुरोध छ।

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.सं.: ०८२।८३
च.नं.: ९५

मितिः २०८२।०५।०५

विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा।

श्री स्थानीय तह
७५३ सबै ।

धनकुटा नगरपालिका कार्यालय
दर्ता नं.: ६४६
दर्ता मिति: २०८२।०५।११

आगामी शैक्षिक सत्र २०८३ मा सार्वजनिक विद्यालयतर्फ कक्षा ६ र कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति (Pro-Poor Targeted Scholarship-PPTS) उपलब्ध गराउने प्रयोजनका लागि विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ को उपदफा (१) को खण्ड (क) बमोजिम सार्वजनिक विद्यालयतर्फ चालु शैक्षिक सत्र २०८२ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट यसैसाथ संलग्न अनुसूची १ बमोजिमको Proxy Mean Testing - PMT फाराम सम्बन्धित विद्यालयमार्फत् सूचना प्रकाशन भएको मितिले ४५ (पैंतालिस) दिन अर्थात् २०८२।०६।१८ गतेभित्र देहायबमोजिम भर्ने भराउने व्यवस्था गर्नु गराउनु हुन केन्द्रको मिति २०८२।०५।०५ को निर्णयानुसार अनुरोध छ।

देहायः

## १. PMT फाराम भर्ने भराउने सम्बन्धमाः

१.१ यस केन्द्रको वेबसाइट https://cehrd.gov.np वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System IEMIS) को emis.cehrd.gov.np मा गई स्क्रिनको दाँयातर्फ माथिल्लो भागमा रहेको मान्छेको चिन्ह भएको Admin भित्र download अप्सनबाट PMT फाराम डाउनलोड गरी तोकिएबमोजिम विद्यार्थीहरूबाट फाराम भराई IEMIS प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ।

१.२ उक्त फाराम विद्यालयले प्रिन्ट गरी सार्वजनिक विद्यालयतर्फ चालु शैक्षिक सत्र २०८२ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनु पर्नेछ।

१.३ सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सही ढंगले भरी आफ्नो अभिभावकबाट समेत प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्नेछ।

१.४ सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फाराम प्रधानाध्यापकले रुजु र सही छाप गरी स्थानीय तहमा प्रमाणीकरण (Verification) का लागि पेश गर्नुपर्नेछ।

१.५ माथि उल्लेखित प्रक्रिया पूरा गरी प्राप्त भएका PMT फारामहरूलाई विद्यालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली emis.cehrd.gov.np मा लगइन गरी सम्पूर्ण सूचकहरू भर्नु भराउनुपर्नेछ।



श्री शिक्षा युवा तथा खेलकुद विभाग
आदेश
५।११

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

प.सं. :
च.नं. :

सानोठिमी, भक्तपुर

## २. IEMIS मा PMT फाराम प्रविष्टि गर्ने सम्बन्धमा:

२.१ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली emis.cehrd.gov.np मा लगइन गरी Dashboard मा रहेको EIE/PMT/UMS मेनुमा जानुहोस् ।

२.२ EIE/PMT/UMS भित्र रहेको PMT मेनुमा जानुहोस् । त्यसपछि वर्षमा २०८२, कक्षामा ५ वा ८ छान्नुहोस् र Load मा जानुहोस् ।

२.३ PMT फाराम भरेको विद्यार्थीको नामको दायाँतर्फ रहेको Action मा जानुहोस् । PMT फाराम खुल्नेछ। त्यसपछि विद्यार्थीको हार्डकपी प्रमाणित PMT फाराममा उल्लेखित सम्पूर्ण विवरण System मा प्रवृष्टि गर्नुहोस्।

२.४ यसरी हार्डकपी PMT फाराममा उल्लेखित सम्पूर्ण विवरण IEMIS मा प्रविष्टि गरिसकेपछि प्रमाणित भइसकेको हार्डकपी PMT फाराम र सोको अभिलेख सम्बन्धित विद्यालयले सुरक्षित राख्नु पर्नेछ ।

२०८२।५।५
रामप्रसाद शर्मा
निर्देशक

**बोधार्थ:**

श्री शिक्षा विकास निर्देशनालय, सबै
आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै
विवरण प्रविष्टि वा सम्प्रेपण कार्यमा समन्वय र सहजीकरण हुन ।

श्री सामुदायिक विद्यालय, सबै
PMT फाराम भर्ने भराउने व्यवस्था गरी IEMIS प्रणालीमा प्रवृष्टि गर्नु हुन ।

(८ को ६ को उपदफा (३) को खण्ड क २)

अनुसूची-३
(दफा ८ को उपदफा (१) संग सम्बन्धित)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न भर्नुपर्ने दरखास्त फाराम

१. अध्ययनरत विद्यालयको IEMIS Code : ☐☐☐☐☐☐☐☐☐ २. विद्यार्थीको IEMIS Student ID : ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ ३. कक्षा :....

४. विद्यार्थीको नाम (English, In Capital Letters) : ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

५. छात्रा/छात्र : छात्रा ☐ छात्र ☐    ६. जन्म मिति (वि.सं.) : साल ☐☐☐☐ महिना ☐☐ गते ☐☐

७. जाति/जनजाति कोड : ☐☐☐ (विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड,२०८० को अनुसूची ५ अनुसार) ८. विद्यार्थीको सम्पर्क नम्बर : ..................

९. राष्ट्रिय परिचयपत्र नं. (विद्यार्थीको) : .................. १०. बुबाको नाम र थर : ..................

११. आमाको नाम र थर : .................. १२. सम्पर्क नम्बरः ..................

**१३. विद्यार्थीको घरपरिवार सम्बन्धी विवरण**
- क) जम्मा सदस्य सङ्ख्या ........ जना
- ख) महिला सदस्य सङ्ख्या ........ जना
- ग) पुरुष सदस्य सङ्ख्या ........ जना
- घ) अपाङ्गता भएका सदस्य सङ्ख्या ........ जना
- ङ) अपाङ्गता नभएका सदस्य सङ्ख्या ........ जना

**१४. उमेर समूह अनुसार परिवारका सदस्यहरू**
- क) (०-१८) वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या ........ जना
- ख) (१९-४५) वर्ष उमेर समूहका सदस्य सङ्ख्या ........ जना
- ग) (४६-६४) वर्ष उमेर समूहका सदस्य सङ्ख्या ........ जना
- घ) ६५ वर्षभन्दा माथि उमेर समूहका सदस्य सङ्ख्या ........ जना

**१५. घरमा कोठाहरूको प्रयोगको अवस्था**
- क) भान्सा कोठा ........ ओटा
- ख) चर्पी स्नान कोठा ........ ओटा
- ग) सुत्ने कोठा ........ ओटा
- घ) बस्ने खाने कोठा ........ ओटा
- ङ) व्यवसाय चलाएको कोठा ........ ओटा
- च) मिश्रितरूपमा प्रयोग भएको कोठा ........ ओटा
- छ) अन्य ........ ओटा

**१६. परिवारका सदस्यहरूको रोजगारीको स्थिति**
- क) स्वरोजगारमा संलग्न सङ्ख्या ........ जना
- ख) अन्य निजी संस्थामा जागिर गर्ने सङ्ख्या ........ जना
- ग) सरकारी जागिर गर्ने सङ्ख्या ........ जना
- घ) बेरोजगार सङ्ख्या ........ जना

**१७. परिवारका सदस्यहरूको बासस्थान**
- क) आफ्नो घरमा ........ जना
- ख) भाडामा ........ जना
- ग) विदेशमा बस्ने सङ्ख्या ........ जना
- घ) घरबाहिर स्वदेशमा बस्ने सङ्ख्या ........ जना

**१८. विद्यार्थीको घरमुली**
- क) हजुरआमा ☐
- ख) आमा वा काकी ☐
- ग) दिदीबहिनी ☐
- घ) बुबा वा काका ☐
- ङ) दाजुभाइ ☐
- च) अन्य ☐

**१९. गरिब परिवार परिचयपत्र (भएमा)**
गरिब परिवार परिचयपत्र नम्बर : ..................
- क) पहेंलो ☐
- ख) हरियो ☐
- ग) निलो ☐
- घ) रातो ☐

**२०. विद्यार्थीको घरमूलीको शैक्षिक अवस्था**
- क) निरक्षर ☐
- ख) साक्षर ☐
- ग) आधारभूत तह (कक्षा ८) पूरा नगरेको ☐
- घ) एसइइ (कक्षा १० सरह) उत्तीर्ण ☐
- ङ) प्रवीणता प्रमाणपत्र तह (कक्षा १२ सरह) उत्तीर्ण ☐
- च) स्नातक, स्नातकोत्तर वा माथिल्लो तह उत्तीर्ण ☐

**२१. घरको फोहोर मैला व्यवस्थापन**
- क) नगरपालिका वा गाउँपालिकाबाट सङ्कलन गरिने ☐
- ख) निजी वा सामुदायिक सङ्कलकले लैजाने ☐
- ग) कतै थुपार्ने गरेको ☐
- घ) डढाउने वा गाड्ने गरेको ☐
- ङ) मलको रूपमा प्रयोग गर्ने गरेको ☐
- च) अन्य ☐

**२२. घरमूलीको बैवाहिक स्थिति**
- क) अविवाहित ☐
- ख) विवाहित ☐
- ग) विधवा वा विदुर ☐
- घ) पारपाचुके भएको वा छुट्टिएको ☐
- ङ) अन्य ☐

**२३. बत्ती बाल्नको लागि मुख्य स्रोत**
- क) गोबर ग्याँस ☐
- ख) मटितेल ☐
- ग) सोलार ☐
- घ) बिजुली ☐
- ङ) अन्य ☐

**२४. घरको बाहिरी गारोमा प्रयोग भएको प्रमुख निर्माण सामग्री**
- क) जस्ता/टिन ☐
- ख) काँचो ईंटा ☐
- ग) बाँसजन्य सामाग्री/स्याउला ☐
- घ) माटोको जोडाइ भएको ईंटाढुङ्गा ☐
- ङ) सिमेन्टको जोडाइ भएको ईंटाढुङ्गा ☐
- च) काठ/फल्याक ☐
- छ) प्रिफ्याब ☐
- ज) अन्य ☐

**२५. घरमा आपूर्ति हुने खानेपानीको मुख्य स्रोत**
- क) धारा/पाइप (घरपरिसर बाहिर) ☐
- ख) धारा/पाइप (घरपरिसर भित्र) ☐
- ग) ट्युबवेल/हाते पम्प ☐
- घ) जार/बोतल ☐
- ङ) ढाकिएको इनार ☐
- च) मूलको धारा ☐
- छ) खुला इनार/कुवा ☐
- ज) नदी/खोला ☐
- झ) अन्य स्रोत ☐

**२६. छानामा प्रयोग भएको निर्माण सामग्री**
- क) खर/पराल/छ्वाली ☐
- ख) माटो ☐
- ग) जस्ता/टिन/त्रिपाल ☐
- घ) काठ/फल्याक ढलान सिमेन्ट ☐
- ङ) टायल वा खपेटा वा झिगटी/ढुङ्गा/स्लेट ☐
- च) अन्य ☐

**२७. चर्पी**
- क) फ्लस भएको चर्पी (सेप्टिक ट्याङ्कमा जोडिएको) ☐
- ख) फ्लस भएको चर्पी (सार्वजनिक ढलमा जोडिएको) ☐
- ग) साधारण घरायसी चर्पी ☐
- घ) सामुदायिक/सार्वजनिक चर्पी ☐
- ङ) चर्पी नभएको ☐

**२८. खाना पकाउन प्रयोग गरिएको चुलो**
- क) अगेना ☐
- ख) माटोको चुलो ☐
- ग) धुवाँरहित सुधारिएको चुलो ☐
- घ) स्टोभ चुलो (मटितेल) ☐
- ङ) ग्याँस चुलो ☐
- च) विद्युतीय (इन्डक्सन) चुलो ☐
- छ) अन्य ☐

**२९. गैरखाद्य सम्पत्ति माथिको स्वामित्व**

| | छ | छैन |
|---|---|---|
| क) ल्यापटप | ☐ | ☐ |
| ख) फ्रीज | ☐ | ☐ |
| ग) लुगा धुने वासिङ मेसिन | ☐ | ☐ |
| घ) हिटर अथवा एयरकन्डिसनर | ☐ | ☐ |
| ङ) दुई पाङ्ग्रे सवारी साधन | ☐ | ☐ |
| च) चार पाङ्ग्रे सवारी साधन | ☐ | ☐ |

**३०. आफ्नो घरबाट वडा कार्यालय सम्मको दुरी (किलो मिटरमा लेखे)**
.............. कि.मि.

**३१. स्थायी ठेगाना**
- क) प्रदेशको नाम : ..................
- ख) जिल्लाको नाम : ..................
- ग) स्थानीय तह :
  - अ) गाउँपालिका : ..................
  - आ) महा उपमहा नगरपालिका : ..................
- घ) वार्ड नं : ..........

**३२. अभिभावकको**
- क) नाम : ..................
- ख) दस्तखत : ..................
- ग) मितिः ..................

**३३. सम्बन्धित वडा/स्थानीय तह (प्रमाणित गर्ने)**
- क) दस्तखत : ..................
- ख) नाम : ..................
- ग) पद : ..................
- घ) मिति : ..................

कार्यालयको छाप

**३४. विद्यालयको**
- क) प्रधानाध्यापकको दस्तखत : ..................
- ख) प्रधानाध्यापकको नाम : ..................
- ग) मिति : ..................

विद्यालयको छाप